# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, माघ १६ गते २०१८ साल


श्री ५ को सरकार

उद्योग तथा वाणिज्य मन्त्रालयको

### सूचना

आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले मोरङ्ग विराटनगर, झापा र सप्तरीमा उत्पादन भएको जूटको बिवरण व्यापार र वाणिज्यको व्यवस्था गर्न निम्नलिखित व्यक्तिहरू अध्यक्ष तथा सदस्यहरू भएको एक बोर्ड गठन गरी सो बोर्डलाई उक्त जिल्लाहरूमा कारवाइ गर्न-पाउने अधिकार दिने मिति २०१८।६।१२ मा निर्णय गरेको छ।

(क) बडाहाकिम मोरङ्ग विराटनगर गोस्वारा ——————————अध्यक्ष

(ख) विराटनगर जूट मिल्सको प्रतिनिधि —————————— सदस्य

(ग) रघुपति जूटमिल्सको प्रतिनिधि —————————— सदस्य

(घ) विराटनगर र झापाबाट जूटको खेती गर्ने प्रतिष्ठित किसानहरू-मध्ये बडाहाकिमले मनोनीत गर्ने प्रतिनिधि जवान दुई —————— ऐ ऐ

(ङ) स्थानीय व्यापारी संघको प्रतिनिधि ——————————ऐ ऐ

(च) बोर्डको बैठकको सदस्यहरूमध्येबाट बोर्डको निर्णय बमोजिम १ जवानलाई सचिवको पदमा नियुक्त गर्ने।

आज्ञाले—

कृष्णबम मल्ल,

श्री ५ को सरकारको सचिव।

उद्योग तथा वाणिज्य मन्त्रालय।



383

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

38

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।